चालु अवस्थामा रहेको सवारी साधनहरु बिक्रीको ७ दिने सुचना

प्रकाशित मितिः २०८०/०९/०३

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमका सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८०/०९/११ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ , काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ ।

| **क. स.** | **सवारीको नाम** | **बनेको साल** | **दर्ता. नं.** | **सवारी रहेको स्थान** |
|---|---|---|---|---|
| १. | Maruti Vitara Brezza VXI+ | २०२१ | (B AB 2246) | कोशी प्रादेशिक कार्यालय, विराटनगर |
| २. | Hyundai Venue (S) | २०१९ | (B AB 1086) | केन्द्रिय कार्यालय, नारायणहिटिपथ काठमाडौं |
| ३. | Hyundai I20 Magna+ | २०२० | (Ba Pra 01 023 Cha 5730) | |

शर्तहरु

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट नि:शुल्क प्राप्त गर्न सकिन्छ ।

२. बोलपत्रसाथ बोलपत्रदाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९-०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

५. यस सम्बन्धी विस्तृत जानकारीको लगि बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।

६. प्रस्तावित बोलपत्र मिति २०८०/०९/१२ गते बैंकको नारायणहिटिपथ केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ ।

७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुन: नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ ।